# एडीबी नेपालबाट

## समाचार

वेबसाइट: http://www.adb.org/NRM
इमेल: adbnrm@adb.org

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

आषाढ, २०६३




**आम्दानी वृद्धि** ग्रामीण पूर्वाधार विकास आयोजना अन्तर्गत निर्माण भएको सडकले स्थानीय बासिन्दालाई पसल खोल्नका लागि प्रेरित गरेर आम्दानी बढाएको छ।

## रहमान सार्डका उप-महानिर्देशकमा नियुक्त



**सुल्तान हफिज रहमान**

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमान २०६३ जेठ १८ देखि एडीबीको दक्षिण एसिया क्षेत्रीय विभाग (सार्ड) का उप-महानिर्देशकमा नियुक्त हुनुभएको छ। उक्त पदमा रहेर श्री रहमानले विभागका कार्यक्रमहरूको आन्तरिक समन्वय र एडीबीको वृहत् निर्णय प्रक्रियाका लागि अन्तर-विभागीय जिम्मेवारी निर्वाह गर्नुहुनेछ। उहाँले एडीबीका क्षेत्रीय शाखा तथा आवासीय नियोगहरूको कार्यक्रम सञ्चालनमा महानिर्देशकलाई सहयोग गर्नुहुनेछ। उहाँ सन् १९९२ मा एडीबीमा प्रवेश गर्नुभएको हो। ■

# सडकले ल्यायो परिवर्तन

- रजनी केसी श्रेष्ठ

बीउपोखरा गाउँकी ३२ वर्षीय पार्वती कँडेलले विगत चार वर्षमा ठूलो फड्को मारेकी छिन्। चार वर्षअघि सम्म श्रीमान्सँग मिलेर खेतमा कठीन मिहिनेत गर्दा पनि उनलाई दैनिक गुजारा गर्न मुश्किल पर्थ्यो। उनीहरू टिनले छाएको घरमा बस्थे र परम्परागत चुल्हो (माटोले बनेको) मा खाना पकाउँथे। अहिले उनको घर स्लेट (ढुंगा) ले छाएको छ र उनी खाना पकाउन ग्याँस स्टोभ प्रयोग गर्छिन्। उनलाई दैनिक खर्च टार्न कुनै समस्या छैन।

कँडेलको जीवनमा आएको यो परिवर्तनको कारण उनको गाउँसम्म पुगेको सडक हो। एडीबीको सहायताप्राप्त ग्रामीण पूर्वाधार विकास आयोजनाले पश्चिमाञ्चल विकास क्षेत्रका बाग्लुङ र तनहुँ तथा मध्यमाञ्चल क्षेत्रको काभ्रेगरी तीनवटा जिल्लामा ट्याक्टर, जीप, मिनी बसजस्ता हल्का सवारी साधन चल्ने सडक निर्माण गरेको छ।

निर्माण सुरु भएलगत्तै पार्वती र उनका श्रीमान्ले बाग्लुङ-बुर्तिबाङ सडक खण्डको छेउमा पसल खोले। 'सडकका कारण राम्रो नाफा हुने सम्भावना देखेर म चार वर्षअघि यहाँ आएँ र पसल थापें', उनी भन्छिन्- 'म सही थिएँ।' पार्वती आफ्नो मासिक आम्दानी यकिनसाथ बताउन सक्दिनन्, तर उनको दैनिक कारोबार ३,००० रुपैयाँ (४२ अमेरिकी डलर) छ। करिब ३० प्रतिशत जनता प्रतिदिन एक डलरभन्दा कममा गुजारा गर्ने मुलुकका लागि यो उल्लेखनीय रकम हो।

'चिनी, चाउचाउ र साबुनको कारोबार सबभन्दा बढी हुन्छ। त्यसैले, म वा मेरो श्रीमान् यस्ता सामान बाग्लुङ बजारबाट लिएर आउँछौं', उनी भन्छिन्। पसलको आम्दानीबाट उनले आफ्ना दुई छोराहरूलाई बाग्लुङ बोर्डिङ स्कुल पठाएकी छिन् भने तेस्रो छोरा स्थानीय विद्यालयमै पढ्छन्। उनले आफ्नो खेतसमेत आफन्तहरूलाई अँधियामा दिएकी छिन्।

यो आयोजनाबाट लाभान्वित हुनेमा पार्वती एकमात्र होइनन्। सडक निर्माणका क्रममा त्यसको ५०० मिटर सेरोफेरोमा खुलेका १५ वटा किराना

*क्रमश: दोस्रो पेजमा*

## यस अंकमा...


- एडीबी अध्यक्षद्वारा वार्षिक बैठकमा सम्बोधन "एसियाका चुनौती सामना गर्न नयाँ बाटो अपनाउनुपर्ने" ३
- नियोगका कर्मचारीहरूको समाचार ३
- कार्यशाला तथा कार्यक्रमहरूको झलक ४


*यस प्रकाशनमा उल्लेखित डलरले अमेरिकी डलरलाई जनाउँछ।*

# सडकले ल्यायो परिवर्तन

क्रमशः पहिलो पेजबाट

पसल र चिया पसलका मालिकहरू सबै आयोजनाबाट लाभान्वित भएका छन् ।

२०५३ असार १३ गते स्वीकृत भएको १ करोड ७० लाख अमेरिकी डलरको यस आयोजनाले बाग्लुङमा ९० किलोमिटर (किमी) र २१ किमीका दुई खण्ड, तनहुँमा २९ किमी, १३ किमी र २३ किमीका तीन खण्ड तथा काभ्रेमा ३५ किमी र १९ किमीका दुई खण्ड निर्माण गरेको छ । सडक पुगेका क्षेत्रमा बसोबास गर्ने १८३,७८९ जनता यस आयोजनाबाट प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । श्रमजन्य र वातावरणमैत्री पद्दतिमा जोड दिएको यो आयोजना सन् २००५ मा सम्पन्न भयो ।

## बजारको अवसरमा वृद्धि

सडक निर्माणले कृषिजन्य तथा पशुजन्य उत्पादनका लागि बजारको अवसरमा वृद्धि ल्याएको छ ।

सडक बन्नुअघि बाग्लुङ बजारबाट ४५ किमी टाढा रहेको हटिया गाउँ विकास समिति (गाविस) का किसानहरूलाई आफ्नो उत्पादन बेच्नका लागि बजार पुग्न करिब दुई दिन हिंड्नुपर्थ्यो । उनीहरू बजार पुग्ने समयसम्म धेरै वस्तुहरू कुहिएर त्यसै खेर जान्थे । अहिले उनीहरू ४-५ घन्टामा बजार पुग्छन् । 'त्यतिखेर जीवनयापन निकै कठिन थियो', हटिया गाविसका किसान दिनानाथ शर्मा भन्छन्- 'तर, अहिले सडक निर्माणले अवस्था फेरिएको छ ।'

तनहुँमा सडक निर्माणले आलु, काउली र अदुवाजस्ता नगदे बालीको उत्पादन र बजार व्यवस्थापनमा उल्लेखनीय वृद्धि ल्याएको छ । ठूलो परिमाणमा उत्पादन हुने अदुवा मध्यस्थकर्तामार्फत् भारतीय बजारमा बिक्री हुन्छ । सडक बन्नुअघि गाविसको कुल उत्पादनमध्ये १८ देखि ३२ प्रतिशत उत्पादन नोक्सान हुने गरेको अनुमान छ ।

## ढुवानी लागतमा कमी

मोटर पुग्ने बाटो बनेकाले ढुवानी लागत कम भएको छ र यसले उपभोग्य वस्तुको लागत पनि घटेको छ । बाग्लुङमा पहिले भरियालाई बोकाएर ल्याउँदा औसत ढुवानी लागत प्रतिकिलोग्राम (केजी) ८ रुपैयाँ र खच्चडमा ल्याउँदा ५-६ रुपैयाँ प्रतिकेजी पर्थ्यो भने अहिले मिनी-ट्रक र ट्र्याक्टरमा ल्याउँदा प्रतिकेजी २ रुपैयाँमा झरेको छ ।

पहिले खच्चड वा भरियाले नुन र मट्टीतेलजस्ता दैनिक उपभोग्य वस्तु ढुवानी गर्थे । धेरै अवसरहरूमा भरियाको ज्याला सामानको मूल्यभन्दा बढी पर्थ्यो, जसले वस्तुको लागत बढाउँथ्यो । अहिले भने उपभोग्य वस्तुहरू दिनहुँ मुख्य बजारदेखि गाउँसम्म निकै सस्तो मूल्यमा सवारी साधनबाट ढुवानी हुन्छ, जसले वस्तुको लागत घटेको छ ।

## रोजगारको अवसरमा वृद्धि

आयोजनाले त्यस्ता व्यक्तिलाई पनि फाइदा पुर्‍याएको छ, जोसँग गैरकृषि स्व-रोजगार कार्यहरूमा लगानी गर्नका लागि न आफ्नो जग्गा छ, न पर्याप्त रकम । आयोजनाले सडक निर्माणका क्रममा स्थानीय बासिन्दालाई अस्थायी भए पनि रोजगारी दिएको थियो । आयोजनाको कार्यान्वयन चरणमा यसले तीन आयोजना जिल्लाका करिब ३५ लाख स्थानीय बासिन्दाका लागि रोजगारको अवसर सिर्जना गरेको थियो । सडक निर्माणका क्रममा जाली बनाउन र त्यसभित्र ढुंगा थुपारेर पर्खाल लगाउन सिकेकाले उनीहरूलाई छेउछाउका अन्य गाविसहरूमा यस्तै निर्माण हुँदा काम पाउन मद्दत गरेको छ ।

अहिले निर्माण कार्य पूरा भइसकेकाले अन्य दीर्घकालिन गैर-कृषि रोजगारका अवसरहरू पनि सिर्जना भएका छन् । आफ्नो कामबाट विस्थापित भएका भरिया तथा अन्य स्थानीय बासिन्दालाई योजनाबद्ध र नियमित सडक मर्मतसम्भार, सडक कर असुली, गाडी चलाउन र कन्डक्टरका रुपमा काम गर्न लगाइएको छ । आयोजना सञ्चालन भएका जिल्ला सदरमुकामहरूमा अटोमोबाइल वर्कसपको संख्या पनि बढेको छ र यसले स्थानीय बासिन्दालाई मेकानिक्सका रुपमा रोजगारको अवसर सिर्जना गरेको छ । उदाहरणका लागि बाग्लुङमा सन् २००१ देखि २००६ सम्मको अवधिमा अटोमोबाइल वर्कसपको संख्या २ बाट ६ पुगेको छ ।

## आधारभूत सेवामा पहुँच

आयमूलक रोजगारका अवसर उपलब्ध गराउनुका अतिरिक्त आयोजनाले स्वास्थ्य र शिक्षाजस्ता आधारभूत सेवाहरूमा स्थानीय बासिन्दाको पहुँच पनि बढाएको छ ।

आयोजना सञ्चालन हुनुअघि ग्रामीण क्षेत्रमा बच्चा जन्माउन सुँडेनी तथा अन्य परम्परागत तरिकाको प्रयोग हुन्थ्यो, जसले गर्भवती महिलाहरूमा प्रसवका बेला जटिलता उत्पन्न भई मृत्यु हुने जोखिम बढी थियो । सडक निर्माणपछि धेरैभन्दा धेरै महिलाहरू उपचारका लागि नियमित रुपमा अस्पताल र स्वास्थ्य चौकी जान्छन् । पहिले सर्पले टोकेका धेरै गाउँलेहरू स्वास्थ्य उपचार नपाएर मृत्युको मुखमा पुग्थे । तर, अहिले समयमै स्वास्थ्य चौकीमा लगेर उनीहरूको जीवन बचाउन सकिने भएको छ ।

सडकले विद्यार्थीहरूलाई विद्यालयसम्म आवातजावत गर्न लाग्ने समय घटाएकाले उनीहरू पनि यसका प्रमुख लाभान्वितमध्ये पर्छन् । गल्कोट उच्च माध्यामिक विद्यालयमा कक्षा ९ मा पढ्ने छामु केसीलाई विद्यालयसम्म पुग्न झन्डै एक घन्टा हिंड्नुपर्थ्यो । अहिले सडक बनेर गाडी चल्न थालेपछि उनी १५ मिनेटमा आफ्नो विद्यालय पुग्छिन् ।

*(रजनी केसी श्रेष्ठ नियोगका सहायक आयोजना विश्लेषक हुनुहुन्छ ।)*



**बजार पहुँच** ग्रामीण विकास आयोजनाअन्तर्गत सडक निर्माण भएपछि कृषिजन्य तथा पशुजन्य उत्पादनका लागि बजारको अवसरमा वृद्धि भएको छ ।

# एसियाका नयाँ चुनौतीको सामना - ग्राहम डवायर

एसिया परिवर्तनको यस्तो अतुलनीय युगमा प्रवेश गरेको छ, जसले निकट भविष्यमै यहाँका जनतालाई चरम गरिबीबाट मुक्त गर्नसक्छ । यसका लागि उच्च र दीगो आर्थिक वृद्धिदर कायम गर्नुका साथै यसको प्रतिफललाई वृहत् रुपमा वितरण गर्नुपर्छ ।

यति हुँदाहुँदै पनि यस क्षेत्रका करिब १ अर्ब ९० करोड जनता गरिब छन् । दैनिक २ डलरभन्दा कममा उनीहरूको गुजारा चलिरहेको छ । यो क्षेत्र समृद्ध हुँदै गएकाले धनी र गरिबबीचको बढ्दो दूरीलाई सम्बोधन गर्नु जरूरी छ ।



**वार्षिक बैठक** भारतको हैदराबादमा २०६३ वैशाख २० देखि २३ गतेसम्म आयोजित एडीबीको ३९ औं वार्षिक बैठकमा सम्बोधन गर्दै अध्यक्ष कुरोदा ।

एसियाली विकास बैंक (एडीबी) का अध्यक्ष हारूहिको कुरोदाले भारतको हैदराबादमा सम्पन्न बोर्ड अफ गभर्नर्सको ३९ औं वार्षिक बैठक समापनका क्रममा दिनुभएको सन्देश हो यो ।

२०६३ वैशाख २० देखि २३ गतेसम्म चलेको उक्त वार्षिक बैठकका लागि हैदराबाद सम्मेलन केन्द्रमा २ हजारभन्दा बढी सहभागीहरूले भाग लिएका थिए । यसमा बरिष्ठ सरकारी अधिकारी, प्राज्ञ, व्यापारिक वर्ग, बैंकर्स, सञ्चार माध्यम तथा विभिन्न अन्तर्राष्ट्रिय संगठन र नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता थियो ।

सूचना प्रविधिको क्षेत्रमा तीव्र फड्को मारिरहेको भारतीय शहरमा आयोजित उक्त बैठकमा विश्वव्यापी असन्तुलन, भारत र दक्षिण एसियासँग एडीबीको साझेदारी, नवीकरणीय ऊर्जा र मौसम परिवर्तन तथा सहश्राब्दी विकास लक्ष्य हासिल गर्ने चुनौती लगायत अहिलेका थुप्रै ज्वलन्त विषयमा छलफल भएका थिए ।

'यहाँको निरपेक्ष गरिबी दर घटिरहेको छ । तर, असमानता बढिरहेको छ', अध्यक्ष कुरोदाले बैठकको उद्घाटन सत्रमा 'एसियाका दुई स्वरुप' शीर्षकीय मन्तव्यका क्रममा भन्नुभयो ।

'गरिबी सबै पक्षहरूमा हाम्रो क्षेत्रका लागि सबभन्दा खतरनाक समस्याको रुपमा रहेको छ । त्यसैले, गरिबी निवारण गर्नु एसियाली विकास बैंकको नियमित चाहना, दृष्टिकोण र उद्देश्य रहनेछ', उहाँले भन्नुभयो ।

अध्यक्ष कुरोदाले आम्दानी र अवसरबीच विद्यमान अन्तर हटाउन मध्यकालीन अवधिमा गर्न सकिने कामहरू धेरै भएको बताउनुभयो । 'समावेशी सामाजिक विकास तथा दीगो र समानुपातिक वृद्धिका लागि व्यवहारिक र सान्दर्भिक समाधान, असल शासन व्यवस्थामा जोड तथा वातावरणीय जिम्मेवारीको प्रतिबद्धताले यस क्षेत्रका सबै व्यक्ति लाभान्वित हुनेछन् र यसले अन्ततोगोत्वा गरिबहरूलाई फाइदा पुग्नेछ', उहाँले भन्नुभयो ।

उहाँले सहश्राब्दी विकास लक्ष्य हासिल गर्न पूर्वाधार क्षेत्रमा लगानी बढाउनुका साथै उच्च आर्थिक वृद्धि र गरिबहरूमा आधारभूत सेवा विस्तार गर्नुपर्नेमा जोड दिँदै निजी क्षेत्रको सहभागिता उल्लेखनीय रुपले बढाउनुपर्ने आवश्यकतामा प्रकाश पार्नुभयो ।

तर, दीर्घकालमा यस क्षेत्रका वर्तमान र भावी समस्याहरू, जस्तै बढ्दो बेरोजगारी, वृद्ध जनसंख्या, तीव्र शहरीकरण तथा धनी र गरिबबीच बढ्दै गएको अन्तरलाई समाधान गर्न नयाँ विचारधाराको खाँचो पर्ने कुरोदाले उल्लेख गर्नुभयो ।

यसका लागि एसिया तथा प्रशान्त क्षेत्रको भविष्यबारे वृहत् चिन्तन गरी एडीबीलाई सुझाव दिन प्रभावशाली व्यक्तिहरूको समूह तयार पारिरहेको कुरोदाले बताउनुभयो । यो समूहका विचारहरूमाथि सन् २००७ मा जापानको क्योटोमा हुने वार्षिक बैठकमा छलफल हुनेछ र यसले एडीबीलाई आफ्नो दीर्घकालिन रणनीतिक संरचनामा वृहत् र परामर्शमूलक समीक्षा गर्न सहयोग पुऱ्याउनेछ । 'यसले एसिया तथा प्रशान्त क्षेत्रको बदलिंदो परिवेशमा एडीबीको भूमिकालाई पुन:परिभाषित गर्नसमेत सहयोग गर्नेछ', उहाँले भन्नुभयो ।

बैठक उद्घाटनका क्रममा भारतीय प्रधानमन्त्री मनमोहन सिंहले यस क्षेत्रमा एडीबीको भूमिकालाई स्वीकार गर्दै भन्नुभयो- 'एसियाले अन्तर्राष्ट्रिय जगत्मा महत्वपूर्ण स्थान ओगट्दै गएकाले विश्वस्तरमा एडीबीको सान्दर्भिकता र महत्व बढ्दै गएको छ ।'

'आज हामी आफ्नो आर्थिक वृद्धिको प्रक्रियामा तीव्रता ल्याउन खोजिरहेका छौं, यस्तो अवस्थामा हामीले एडीबीसँग अझ बढी साझेदारी सम्बन्ध विकास गर्न चाहेका छौं', उहाँले भन्नुभयो- 'हामी एडीबीलाई यस क्षेत्रको विकास तथा असल शासन व्यवस्थाको महत्वपूर्ण माध्यमका रुपमा सुदृढीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं ।'

भारतका अर्थमन्त्री तथा एडीबी बोर्ड अफ गभर्नर्सका अध्यक्ष पी. चिदम्बरम्ले पनि यस्तै प्रतिक्रिया व्यक्त गर्नुभयो । 'एडीबीले एउटा देशमा हासिल भएको अनुभव र त्यसका उपलब्धिलाई अर्को देशमा प्रयोग गर्ने महत्वपूर्ण र विशिष्ट स्थान प्राप्त गरेको छ', चिदम्बरम्ले भन्नुभयो- 'यसले वित्तीय स्रोत-साधनमात्र उपलब्ध गराउँदैन, आफ्नो विशेषज्ञताका क्षेत्रहरूमा सम्भावित उत्कृष्ट प्रचलनहरू पनि प्रदान गर्छ ।'

भारतमा आयोजित वार्षिक बैठकका क्रममा भारतसँग एडीबीको बढ्दो साझेदारीमा जोड दिइएको थियो । 'भारतलाई फाइदा' शीर्षकअन्तर्गत चरणबद्ध रुपमा आयोजित विशेष सत्रहरूमा एडीबी अध्यक्ष, भारतका केन्द्रीय तथा स्थानीय सरकारका प्रतिनिधि, उद्योग तथा वित्त क्षेत्रका गण्यमण्य व्यक्तिहरूले मुलुकको प्रगति र चुनौतीबारे छलफल गरेका थिए । ■

## नियोगका कर्मचारीहरूको समाचार

सन् २००६ को दोस्रो त्रैमासिकमा दुईजना नयाँ कर्मचारी एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगमा आबद्ध हुनुभएको छ ।



**पाउलो स्पान्टिगाति** २०६३ वैशाख २४ गतेदेखि बरिष्ठ राष्ट्रिय कार्यक्रम विशेषज्ञ र समष्टिगत अर्थशास्त्र, शासकीय सुधार तथा बाह्य सम्पर्क एकाई प्रमुखका रुपमा नेपाल आवासीय नियोगमा आबद्ध हुनुभएको छ । श्री स्पान्टिगातिले नेपालका लागि एडीबी सहायता कार्यक्रम तर्जुमा गर्ने जिम्मेवारी सम्हाल्नुहुनेछ । उहाँले २०५६ साउन १६ देखि एडीबी प्रधान कार्यालयमा काम गर्न थाल्नुभएको हो । नेपाल आवासीय नियोगमा आउनुअघि उहाँले इन्डोनेसियाका लागि सहायता कार्यक्रम तर्जुमा गर्ने र इन्डोनेसिया तथा फिलिपिन्सका लागि ग्रामीण विकास र वित्त आयोजनाहरूको जिम्मेवारी सम्हाल्नुभएको थियो । उहाँले रोम ला स्पेन्जा विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ ।



**समिर रञ्जित** २०६३ जेठ २२ गतेदेखि प्रशासकीय सहायकका रुपमा नेपाल आवासीय नियोगमा आबद्ध हुनुभएको छ । श्री रञ्जितले वित्त तथा प्रशासन एकाईमा सहायकको भूमिका निर्वाह गर्नुहुनेछ । एडीबीमा आउनुअघि उहाँले डेनिस अन्तर्राष्ट्रिय विकास नियोगमा ६ वर्षदेखि आयोजना सहायकका रुपमा काम गर्नुभएको थियो । उहाँले काठमाडौं शिक्षा क्याम्पसबाट शिक्षामा स्नातक गर्नुभएको छ । ■

## सार्वजनिक सञ्चार नीति अब नेपालीमा उपलब्ध



एडीबीले आफ्नो सार्वजनिक सञ्चार नीति नेपाली भाषामा अनुवाद गरी प्रकाशन गरेको छ । यो नीति २०६२ वैशाख ९ गते पारित भएको हो । यसको नेपाली संस्करण कमलादीस्थित नेपाल आवासीय नियोगको सञ्चार स्रोत केन्द्रमा उपलब्ध छ । सार्वजनिक सञ्चार नीतिको अंग्रेजी तथा नेपाली संस्करणलाई http://www.adb.org/Documents/Policies/PCP/ मा पनि राखिएको छ ।

# कार्यशाला तथा कार्यक्रमहरूको झलक

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका कर्मचारीहरूले सन् २००६ को दोस्रो त्रैमासिकमा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्नुका साथै केही गोष्ठीहरूमा भाग लिएका थिए ।

## आन्तरिक गोष्ठी

नियोगका लैङ्गिक तथा विकास विशेषज्ञ आभा श्रेष्ठले २०६३ वैशाख ५ गते द्वन्द्वको अवस्थामा कार्यक्रम सञ्चालनका सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो । उहाँको प्रस्तुति द्वन्द्वका विश्वव्यापी घटनाको उदाहरणसहित नेपालमा जारी विद्रोहमा केन्द्रित थियो । श्रेष्ठको प्रस्तुतिपछि द्वन्द्वपश्चात् उपलब्ध गराउनुपर्ने सहायता र तिनको अनुभवबाट एडीबीले के सिक्नसक्छ भन्ने विषयमा छलफल भयो ।



**आन्तरिक गोष्ठी** द्वन्द्वको अवस्थामा कार्यक्रम सञ्चालनबारे प्रस्तुतिकरण गर्दै आभा श्रेष्ठ ।

नियोगका आयोजना अधिकृत लक्ष्मी शर्मा र एडीबीको सहायतामा सञ्चालित आयोजना कार्यान्वयन तथा गुणस्तर सुदृढीकरणसम्बन्धी प्राविधिक सहायताका परामर्शदाता मेहदिनी रिजालले जेठ १७ गते प्राविधिक परीक्षणका विविध पक्षबारे आफ्नो प्रस्तुति राख्नुभएको थियो ।

## एडीओ विमोचन

नेपाल आवासीय नियोगका तत्कालिन राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले २०६२ चैत २४ गते आयोजित पत्रकार सम्मेलनमा सन् २००६ का लागि एसियाको 'आर्थिक प्रक्षेपण' सम्बन्धमा जानकारी दिनुभयो । एडीबीको वार्षिक आर्थिक प्रकाशन 'एसियन डेभलप्मेन्ट आउटलुक' को सन् २००६ को संस्करण नेपालमा सार्वजनिक गर्न उक्त पत्रकार सम्मेलन आयोजना गरिएको थियो । त्यसै दिन चीनको हङकङमा एडीबीका प्रमुख अर्थशास्त्री ईफ्जाल अलीले उक्त प्रतिवेदन विमोचन गर्नुभएको थियो ।




**एडीओ विमोचन** नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक पत्रकार सम्मेलनमा सन् २००६ को 'इकोनोमिक आउटलुक' सार्वजनिक गर्दै ।

प्रतिवेदनअनुसार भारत र पाकिस्तानको अर्थतन्त्रमा केही शिथिलता देखिएकाले सन् २००६ मा दक्षिण एसियाको आर्थिक वृद्धिदर ७ दशमलव ३ प्रतिशत रहने अनुमान गरिएको छ । प्रतिवेदनले नेपालमा प्रतिकूल मौसमका कारण हिउँदे तथा वर्षे बालीको उत्पादन प्रभावित भएकाले आर्थिक वर्ष २००६ मा कुल गार्हस्थ्य उत्पादन २ प्रतिशतमात्र रहने प्रक्षेपण गरेको छ । सबै प्रमुख सञ्चार माध्यमका प्रतिनिधिहरूले पत्रकार सम्मेलनमा भाग लिएका थिए ।

## पुरस्कार समारोह

नेपाल आवासीय नियोगले २०६३ जेठ १५ गते तीनवटा आयोजना समूहलाई 'उत्कृष्ट आयोजना व्यवस्थापन पुरस्कार' प्रदान गरेको छ । अर्थ सचिव भोजराज घिमिरे एडीबीको सहायताप्राप्त साना शहरी खानेपानी तथा सरसफाई आयोजना, शिक्षक शिक्षण आयोजना र ग्रामीण लघुवित्त आयोजनाका प्रतिनिधिहरूलाई उक्त पुरस्कार प्रदान गर्नुभयो ।



**विशेष सम्मान** सडक सञ्जाल विकास आयोजनाका आयोजना निर्देशक विशेष सम्मान पुरस्कार ग्रहण गर्दै ।

सडक सञ्जाल विकास आयोजनामा काम गरिरहेको समूहलाई सन् २००५ को समग्र करार कार्य-सम्पादनमा पुऱ्याएको योगदानका लागि विशेष सम्मान प्रदान गरिएको थियो ।

नियोगले एडीबीको सहायताप्राप्त आयोजनाका कर्मचारीहरूलाई आयोजनाको प्रभावकारी सञ्चालन र त्यसबाट गरिबी निवारणको उद्देश्य हासिल गर्नका लागि प्रोत्साहित गर्न सन् १९९६ मा यो पुरस्कार स्थापना गरेको हो । सन् २००१ देखि लगातार गिरावट आई चार वर्षपछि पहिलोपटक स्रोत हस्तान्तरण सकारात्मक रहेपछि सन् २००५ मा नेपालमा सञ्चालित कार्यक्रमहरूको कार्य-सम्पादनमा उल्लेखनीय सुधार आएको छ ।

## पुस्तक विमोचन

वातावरण दिवसका अवसरमा नेपाल आवासीय नियोग र इन्टरनेसनल सेन्टर फर माउन्टेन डेभलप्मेन्ट (ईसीमोड) ले २०६३ जेठ २२ गते



**पुस्तक विमोचन** वातावरण, विज्ञान तथा प्रविधि राज्यमन्त्री मानबहादुर विश्वकर्मा र अर्थमन्त्री डा. रामशरण महत 'Environment Assessment of Nepal- Emerging Issues and Challenges' नामक पुस्तक विमोचन गर्दै ।

संयुक्त रुपमा 'Environment Assessment of Nepal- Emerging Issues and Challenges' नामक पुस्तक विमोचन गऱ्यो । यो संयुक्त प्रकाशनले नेपालको वातावरणीय स्थिति र ट्रेन्ड विश्लेषण गर्न थुप्रै उपलब्ध तथ्यांकहरूलाई एकीकृत गर्ने प्रयास गरेको छ । यसमा वातावरणीय व्यवस्थापनसम्बन्धी नीति, कानुन र संस्थागत संरचना, वित्तीय संयन्त्र र प्रमुख वातावरणीय मुद्दा तथा अवसरहरूलाई समेटिएको छ । ■

**समाचार नेपालबाट**

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिदैन । हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।

नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
पोष्ट बक्स ५०१७
काठमाडौं, नेपाल ।
फोन: + ९७७ १ ४२२ ७७७९
फ्याक्स: + ९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.adb.org/nrm
राष्ट्रिय निर्देशक: सुल्तान हाफिज रहमान